नेपाल सरकार, (म. प.) को २०७४।०५।१९ को निर्णय अनुसार

# शिक्षा क्षेत्रमा सुधारका लागि सुझाव दिन गठित उच्चस्तरीय कार्यदल, २०७४ को

## प्रारम्भिक प्रतिवेदनको सारांश

शिक्षा मन्त्रालय, सिंहदरवार
काठमाण्डौं
२०७४ पौष २६

## शिक्षा क्षेत्रमा सुधारका लागि सुझाव दिन म. प. को २०७४।०५।१९गतेको निर्णय अनुसार गठित उच्चस्तरीय कार्यदलको प्रारम्भिक प्रतिवेदनको सारांश

१) नेपाल सरकार (म.प.) को मिति २०७४ ।०५।१९ को निर्णय अनुसार शिक्षा क्षेत्रमा विद्यमान रहेका समस्याहरू पहिचान गरी ती समस्या समाधान गर्न तत्काल गर्नु पर्ने र दीर्घकालमा गर्नु पर्ने सुधारको मार्ग चित्र तयार गरी पेस गर्न ५ महिनाको समयावधि दिई ११ सदस्यीय उच्चस्तरीय कार्यदल गठन भएको थियो । सो कार्यदलले मिति २०७४ साल पौष २६ गतेका दिन हालसम्म भएको प्रगतिको प्रारम्भिक प्रतिवेदन माननीय उपप्रधान तथा शिक्षा मन्त्रीसमक्ष पेस गरेको छ । यो कार्यदलले ५ महिनाको समयावधि आफ्नो कार्यसम्पादन गर्न न्यून रहेको ठम्याएको छ ।

२) कार्यदलले काम शुरू गरेको पहिलो चार महिनामा गरेका बैठकहरू, सरोकारवालाहरू संग गरेका छलफल र उपलब्ध सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा यो प्रारम्भिक प्रतिवेदन तयार गरेको छ ।यो प्रतिवेदन खाका (Framework) स्वरूपको छ र यसले छलफल भएका सबै विषयबस्तुहरूलाई जे जस्तो अवस्थामा छ (As it is) सोही अवस्थामा समेटी प्रारम्भिक सुझावहरूका रूपमा मात्र प्रस्तुत गरेको छ । कार्यदलले आफ्ना सदस्यहरू मध्येबाट विद्यालय शिक्षा र उच्च तथा प्राविधिक शिक्षा गरी दुई समूह वनाई अध्ययन विष्लेषण गरेको छ ।

३) यो प्रतिवेदन ३ भागमा विभाजित छ । जसमा प्रारम्भिक र समग्र सुधार, विद्यालय शिक्षा र उच्च तथा प्राविधिक शिक्षामा विभक्त गरिएको छ । यो प्रतिवेदनमा २० वटा परिच्छेदहरू र १२ वटा अनुसूचीहरू समाबिष्ट छन् । अनुसूचीहरू वाहेक यो प्रतिवेदनमा १४२ अनुच्छेद र १०६ पृष्ठहरूमा समेटिएको छ । भाग १ प्रारम्भिक र समग्र सुधारले प्रारम्भिक कार्यदलको गठन कार्यक्षेत्र र अवधि, विद्यमान समस्या र चुनौतीहरू, तत्काल र दीर्घकालिन रूपमा सुधार गर्नु पर्ने कार्यहरू, विभिन्न तहमा शिक्षा ऐनमा समेटिनु पर्ने विषयहरू, शिक्षामा लगानी तथा सिकाई केन्द्रित शिक्षाका परिच्छेदहरू समेटेको छ ।त्यसै गरी भाग २ विद्यालय शिक्षामा बालविकास शिक्षा, पाठ्यक्रम एवं पाठ्यपुस्तक, मूल्याङ्कन तथा परीक्षा व्यवस्थापन, अनुगमन मूल्याङ्कन मापदण्ड र नियमन, छात्रवृत्ति स्वास्थ्य र पोषण, अनौपचारिक शिक्षा, गुरूकुल गोम्बा (गुम्बा) मदरसा शिक्षा, पूर्व प्राथमिक देखि १२ सम्मको शिक्षाको संरचनात्मक सुधार, विद्यालय शिक्षामा सुधारका शर्त तथा मापदण्डहरू र विद्यालय शिक्षक व्यवस्थापन सम्बन्धी परिच्छेदहरू समावेश छन् । भाग ३ उच्च तथा प्राविधिक शिक्षाले उच्च शिक्षामा सुधार, चिकित्सा शिक्षामा सुधार तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार गरी तीन परिच्छेदहरू समेटेको छ । प्रतिवेदनका अनुसूचीहरूमा मौजुदा संगठन तालिका, प्रस्तावित संगठन ढाँचा (संघ, प्रदेश र स्थानीय सरकारको विकल्पहरू सहित), शिक्षा सम्बन्धी संविधानका अनुसूचीहरूमा रहेको व्यवस्था, Unbundling प्रतिवेदनमा रहेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था, विगत १० वर्षको शिक्षा बजेट, दिगो विकासका लक्ष्यहरू (SDGs) मा शिक्षा सम्बन्धी लक्ष्य तथा

सूचकहरू, चौधौं त्रिवर्षिय योजनामा शिक्षा नीति, स्थानीय शिक्षा विधेयक २०७४ को नमुना तथा कार्यदलको समूह विभाजन र कार्यदलको काममा संलग्न पदाधिकारीहरूको विवरण समावेस छ ।

४) यस प्रतिवेदनले शिक्षा क्षेत्रमा विद्यमान मुख्य समस्या र चुनौतीहरू भित्र संघीय पूनर्संरचनाको लामो सङ्क्रमणकालीन अवस्था, विद्यालय व्यवस्थापनमा अस्पष्टता, शिक्षक व्यवस्थापनमा अन्योलता, गुणस्तर सुनिश्चितताको अभाव, अपर्याप्त प्राविधिक तथा व्यवसायिक शिक्षा, लगानीको कमजोर व्यवस्थापन र अपर्याप्तता, कमजोर छात्रवृत्ति व्यवस्थापन, कमजोर उच्च शिक्षा व्यवस्थापन, विश्वविद्यालय स्थापना र कलेज सम्बन्धनबारे स्पष्ट आधारको अभाव, कमजोर शैक्षिक सु-शासन, कमजोर अनुगमन नियमन तथा मूल्याङ्कन प्रणालीलाई औंल्याएको छ ।

५) शिक्षा क्षेत्रमा तत्काल गर्नुपर्ने कार्यहरूमा (क) संघीय शिक्षा ऐनको निर्माण, (ख) प्रादेशिक तथा स्थानीय शिक्षा ऐनको निर्माण, (ग) संघीय संरचना अनुसार तीन तहको सरकारमा शिक्षा संगठनको ढाँचाको तयारी, स्वीकृति र कर्मचारी व्यवस्थापन, (घ) शिक्षक व्यवस्थापनको संघीय ढाँचा निर्माण, (ङ) शिक्षा क्षेत्रसँग सम्बन्धित विकास योजनाहरू, संस्थान र निकायको पूनर्संरचना र (च) उच्च शिक्षा ऐन निर्माणका सम्वन्धमा समेत सुझाव प्रस्तुत गरेको छ । यी कार्यहरूमध्ये सबै तहका ऐनहरूको ढाँचा सुझावमा समावेश गरिएको छ भने स्थानीय सरकारका लागि नमुना शिक्षा ऐन (छलफल हुन बाँकी) पनि अनुसूचीमा समावेश गरिएको छ । विभिन्न तहका सरकारकालागि संगठन ढाँचाका विकल्पहरूको प्रारम्भिक मस्यौदा अनुसूचीमा समावेश गरिएको छ । अहिलेका जिल्ला शिक्षा कार्यालयहरूको परिवर्तित स्वरूपलाई जिल्ला समन्वय समितिको इकाईको रूपमा प्रदेश सरकार मातहत रहने गरी सुझाव गरिएको छ । व्यवस्थापनका विकल्पहरूबारे छुट्टै परिच्छेदमा चर्चा गरिएको छ । उच्च शिक्षाका विद्यमान चुनौती र समस्याहरू तथा तिनका निराकरणका उपायहरूबारे छुट्टै परिच्छेदमा समावेश गरिएको छ र यस भित्र उच्च शिक्षा ऐन र उच्च शिक्षा आयोगको गठन बारे पनि सुझाव समेटिएको छ ।

६) यस प्रतिवेदनले दीर्घकालमा गर्नुपर्ने सुधारहरूबारे दिईएका सुझावहरूमाः (क) सिकाइमा आधारित समान शिक्षा क्षेत्रको पूनर्संरचना र सिकाइ केन्द्र व्यवस्थापन, (ख) शिक्षा क्षेत्रको लगानीको सुनिश्चितता, (ग) गुणस्तरीय शिक्षामा पहुँच र समानता, (घ) अनुसन्धान र विकासमा जोड, (ङ) विज्ञान, प्रविधि, इन्जिनियरीङ र चिकित्सा शिक्षामा जोड, (च) बहुभाषिक र मातृभाषाको शिक्षामा आधारभूत तहमा जोड, (छ) निरन्तर मूल्याङ्कन र केन्द्रिय अनुगमनमा जोड, (ज) तीन तहको सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित सहकार्यमा जोड, (झ) उच्च शिक्षा प्रदायक संस्थाहरूको सर्वोच्च निकायमा बोर्ड अफ ट्रष्टीज (Board of Trustees) को व्यवस्थापन जस्ता विषयहरू समावेश छन् । ती सुझावहरूको विस्तृत विश्लेषणका रूपमा लगानी, सिकाइ केन्द्रित शिक्षा, विद्यालय शिक्षा र उच्च तथा प्राविधिक शिक्षाका भागहरू अन्तर्गत विभिन्न विषयगत परिच्छेदहरूमा विस्तृत सुझावहरू प्रस्तुत गरिएका छन् ।

७) संघीय शिक्षा ऐनले अन्य कुराहरूका अतिरिक्त नेपालको शिक्षा प्रणालीका मार्गदर्शक सिद्धान्तहरू, समग्र शिक्षा प्रणालीको स्वरूप, संरचना, नीति र पद्धति, स्थानीय र प्रदेश सरकारको भूमिका, काम-कर्तव्य र जिम्मेवारीहरू, संघीय सरकारको भूमिका, काम-कर्तव्य र जिम्मेवारीहरू तथा उच्च शिक्षासमेतका विषयहरू समेट्नु पर्ने सुझाव गरिएको छ ।

८) उच्च शिक्षा ऐनले अन्य कुराहरूका अतिरिक्त उच्च शिक्षाको नीति, संघीय संरचना, उच्च शिक्षा परिषद् र उच्च शिक्षा आयोग, केन्द्रिय र प्रादेशिक विश्वविद्यालयहरू, नयाँ विश्वविद्यालय स्थापना, कलेज सम्वन्धन, समकक्षता र स्तर निर्धारण, विश्वविद्यालयको संचालन प्रकृया र सुशासन, बोर्ड अफ ट्रस्टिज्, सीनेट, सेवा आयोग र अरू निकायहरूको सम्वन्ध, फ्याकल्टी, पाठ्यक्रम र सो मा एकरूपता, मानकिकरण, शैक्षिक सत्रमा एकरूपता, शिक्षक तालिम, परीक्षा प्रणाली, गुणस्तरको परीक्षण, Credit Transfer, विदेशी विश्वविद्यालयको सम्वन्धन लगाएतको सम्वन्धमा आवश्यक व्यवस्था गर्नु पर्ने सुझाव गरिएको छ ।

९) शिक्षामा लगानीका सम्वन्धमा कुल सरकारी लगानी कुल विनियोजनको १५ प्रतिशत भन्दा तल झर्न नदिन सुझाव गरिएको छ । यसका लागि सरोकारवाला निकायहरू संग अविलम्व छलफल गर्न र आगामी आर्थिक बर्ष २०७५/२०७६ मा तीनै तहको सरकार मार्फत (चालु, पुँजीगत वित्तिय हस्तान्तरण समेत) संघीय सरकारले आफ्नो कूल विनियोजनको १३.५% शिक्षामा लगानी गर्न सुझाव गरिएको छ । प्रदेश र स्थानीय सरकारले आफ्नो स्रोतआयको १५% अनिवार्य रूपमा शिक्षामा लगानी गर्न सुझाव गरिएको छ । केन्द्रिय सरकारले प्रति बर्ष ०.५% बिन्दुले लगानी बढाई आगामी तीन बर्ष भित्र १५% र आगामी १० बर्ष भित्र १८% शिक्षामा लगानी पुराउन सुझाव गरिएको छ । यसका साथै शिक्षाको लगानी अवस्थामा संरचनागत र व्यवस्थापकिय सुधारहरू गर्न सुझावहरू दिईएका छन् ।

१०) शिक्षा र शिक्षण पद्दतिमा सिकाई केन्द्रित सुधारहरू ल्याउन सिकाईको कार्य सूची निर्माण गर्न, सिकाईका आधारभूत पूर्वसर्तहरूको पहिचान गर्न सिकाईका सम्भावनाहरूको खोजी गर्न र सिकाई सुधारका लागि विविध पक्षहरूमा जोड दिन सुझाव गरिएको छ । सिकाई उपलब्धिहरू हाँसिल गर्न सिकाई उपलब्धिको मापन, शिशुको पोषण, स्वास्थ्य र हेरचाहमा जोड, ब्रिजिङ्ग कोर्सहरू सञ्चालन, सीप सिकाउने तालिम सञ्चालन, सीप परिक्षण र प्रमाणिकरण, व्यक्ति लक्षित शिक्षक तालिम, प्रत्येक विद्यार्थी केन्द्रित पठनपाठन, कक्षामा शिक्षकको उपस्थितिमा जोड, विद्यालयमा जाने स्रोत साधनलाई सिकाईको उपलब्धिसंग आबद्ध गर्न जोड, सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगलाई सिकाई उपलब्धिसंग आबद्धतामा जोड दिन सुझावहरू दिईएका छन् ।

११) वाल विकास शिक्षाले वालवालिकाको गर्भावस्था देखि ५ वर्ष सम्मनै समेटनुपर्ने भएकाले चार वर्ष उमेर पुगेका वालवालिकाहरूलाई आधारभूत शिक्षा प्रवेशका लागि तैयारी गर्न एक वर्षको पूर्व प्राथमिक शिक्षाको सुनिश्चितता सरकारको तर्फबाट गर्ने गरी संचालन गर्नु पर्ने र यसलाई विद्यालय शिक्षाको संरचनामा समावेश गर्ने । चार वर्ष मुनिका वालवालिकाहरूलाई वालविकासका विविध

कार्यक्रम अभिभावको समन्वय र सहकार्यमा शिशु स्याहार केन्द्र, खेल समूह (Playground आदि) जस्ता छुट्टै कार्यक्रमहरू राख्न सकिने सुझावहरू पनि दिइएको छ । वाल विकासका सम्वन्धमा अबका कार्यक्रम संचालन गर्दा एकिकृत ढंगबाट (स्वास्थ्य, सुरक्षा, पोषण र शिक्षा) संचालन गरी वालवालिकाको शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक विकासमा जोड दिनुपर्ने नीति लिन सुझाव गरिएको छ ।

१२) विद्यालय तहमा विद्यार्थी मूल्याँकनको राष्ट्रिय ढाँचा संघीय सरकारले तर्जुमा गर्ने र यसको परिपालना तीनै तहको सरकारले गर्ने गरी आवश्यक व्यवस्था गर्न सुझाव दिईएको छ । कक्षा ८ को मुल्याँकन स्थानीय र प्रादेशिक सरकारको नर्मस, मापदण्ड भित्र रही प्रदेश सरकारले व्यवस्थापन गर्ने र कक्षागत रूपमा विद्यार्थी मुल्याँकन सम्बन्धित विद्यालयले नै गर्ने गरी सुझाव दिईएको छ । विद्यार्थीले हासिल गरेको ज्ञान, सीप, अभिवृद्धि तथा सक्षमता जाँच्ने प्रबन्ध गर्न निरन्तर मुल्यांकन पद्धतिमा जोड दिने र यसका लागि ग्रेड र अंकन दुवै माध्यम प्रयोग गर्न सुझाव गरिएको छ । स्थानीय सरकारले भूमण्डलमा चलेका अन्य मूल्यांकन (पिसा, टिम्स वा यस्तै) प्रणालीमा प्रदेश र स्थानीय सरकारले भाग लिने र यसका आधारमा प्रश्नपत्रको स्तरीकरण गर्ने कार्य संघीय सरकारले गर्ने वातावरण सिर्जना गर्ने नीतिगत व्यवस्थापन गर्न सुझाव दिइएको छ ।

१३) अन्तराष्ट्रिय तथा क्षेत्रीय स्तरमा समेत समकक्ष हुने गरी मुलुकको पाठ्यक्रमको राष्ट्रिय पाठ्यक्रम ढाँचा संघीय सरकारले निर्माण गर्ने र त्यस भित्र रहेर प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो जिम्मेवारी अनुसारको पाठ्यक्रम र पाठ्यक्रम बमोजिमका पाठ्यपुस्तक र पाठ्यसामाग्री तयार गर्ने जिम्मेवारी लिनु पर्ने सुझाव  गरीएको छ । (उदाहरणका लागि संघीय सरकारले ५०%, प्रदेश सरकारले २५% र स्थानीय सरकारले २५% भारको पाठ्यक्रम बानाउन सक्दछ) पाठ्यपुस्तकको विकास तथा निर्माणमा नीजि क्षेत्रको सहयोग लिन सकिने र सरकारले आफुले पाठ्यसामाग्री तयारी गर्ने र बजारमा उपलब्ध सामाग्रीको स्तरयुक्तता समेत मापन गर्न उपयुक्त देखिन्छ। पाठ्यपुस्तक तथा पाठ्यसामग्री छपाईको व्यवस्थाको लागि प्रदेश सरकार र विद्यालयमा समयमा नै पाठ्य सामाग्री पुगे नपुगेको सुनिश्चित गर्ने कार्य स्थानीय सरकारको जिम्मेवारी भित्र रहनुपर्ने सुझाव गरिएको छ । वालवालिकाको हातमा पाठ्यपुस्तक एवं पाठ्यसामाग्री पुर्याउनुपर्ने व्यवस्थाका लागि विद्यालय जिम्मेवार रहनु पर्ने समेत सुझाव गरिएको छ ।पाठ्यपुस्तकको प्रयोग गर्दा स्वदेशमा उत्पादन भएका पाठ्यसामाग्रीको नै प्रयोग गर्नु पर्ने पनि सुझाव दिईएको छ ।

१४) शैक्षिक प्रणाली भित्र प्रत्येक तहको सरकार, निकाय र पदाधिकारीहरूको दायित्व किटान गरी उत्तरदायित्व खाका (Accountability Framework) निर्माण गरी त्यसको परिधिभित्र रही अनुगमन मुल्यांकन गराउने व्यवस्था गर्ने, गुणस्तर सुनिश्चितता स्तर निर्धारणका लागि प्रत्येक विद्यालयलाई निश्चित अवधिमा तोकिएको सूचकांकको आधारमा गुणस्तर मापन गरी विद्यालयको ग्रेडिङ्ग गर्ने व्यवस्था मिलाउने, नियमित अनुगमन पनि नतिजामुलक सुचकांकका आधारमा गर्ने गरी व्यवस्था

मिलाउने, शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धी सँग र समग्र विद्यालयको स्तरीकरणलाई विद्यालय व्यवस्थापन समितिको कार्य सम्पादन सँग जोड्ने व्यवस्था गर्ने र कलेजहरूको हकमा मुल्यांकनलाई अनुसन्धान सँग समेत जोडि यसका लागि सम्बन्धित विश्वविद्यालय जिम्मेवार हुने व्यवस्था मिलाउने सुझाव दिइएको छ ।

१५) छात्रवृतिलाई गरीब लक्षित बानउन गरीबिको पहिचान गरी स्थानीय सरकारले हरेक परिवारको तथ्यांक राख्ने व्यवस्था गर्ने । गरीव परिवारका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्दा स्थानीय सरकार मार्फत अभिभावकलाई छात्रवृत्ति स्वरूपको सहयोग उपलब्ध गराउने व्यवस्था गर्न सुझाव दिइएको छ । वालवालिकाहरूलाई अभिभावक समेतको सहयोगमा दिवा खाजाको व्यवस्था गरी पोषणयुक्त खाजा खुवाउने व्यवस्था मिलाउने र हाल बजारमा प्रयोग हुने जंक फुडको उपयोगलाई निरूत्साहित गर्नु पर्ने । उच्च शिक्षा तर्फ संविधानमा व्यवस्था भए बमोजिम लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था र तोकिएको प्राविधिक विषय अध्ययन गर्न शैक्षिक ऋणको व्यवस्था समेत गर्नु पर्ने सुझाव दिइएको छ ।

१६) देश विकासका लागि हरेक नागरीक साक्षर हुनु पर्ने भएकाले साक्षारतालाई जीवन पर्यन्त सिप सँग जोड्दै प्रत्येक नागरीकलाई साक्षर बनाउनु पर्ने व्यवस्थाका लागि स्थानीय सरकार जिम्मेवार हुनु पर्ने, अनौपचारीक शिक्षा संचालन गर्ने विभिन्न निकायवीच समन्वय कायम गरी कार्यक्रमहरूलाई जीवनोपयोगी बनाउन प्रभावकारी अनुगमनको व्यवस्था मिलाउने । सूचना तथा संचार प्रविधिको उपयोगबाट अनौपचारीक शिक्षा कार्यक्रमलाई थप व्यवस्थित गर्न सकिने सुझाव दिइएको छ ।

१७) हाल गुरूकुल, गोन्पा (गुम्वा) तथा मदरासा शिक्षाको संचालन व्यवस्थित नभएकाले यसलाई व्यवस्थित र अन्य विद्यालय जस्तै गरी संचालन व्यवस्थापन मिलाउन पाठ्यक्रम, शिक्षक व्यवस्थापन र मुल्यांकन प्रणालीमा व्यापक सुधार गर्नु पर्ने सुझाव दिइएको छ । यस पूर्व निर्मित पाठ्यक्रमलाई आद्यावधिक गर्ने, माध्यमिक सम्मकै छुट्टै पाठ्यक्रम निर्माण गर्ने, शिक्षकहरूको दक्षता अभिवृद्धि गर्ने, विद्यालयहरूको भौतिक व्यवस्थापनमा सुधार गर्ने र अन्य विद्यालयहरूमा जस्तै हरेक सुविधा उपलब्ध गराउनुपर्ने सुझाव दिइएको छ । मदरसा, गुम्वा, गुरूकुल प्रणालीबाट उच्च शिक्षा संचालन गर्न विश्वविद्यालयसँग सम्बन्धन लिन सक्ने र समकक्षता प्रदान गर्न उपयुक्त व्यवस्था मिलाई राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा सेवा गर्न अवसर प्रदान गर्ने व्यवस्था मिलाउन सुझाव गरिएको छ ।

१८) नेपालको संविधानले व्यवस्था गरेको शैक्षिक अधिकारको सिद्धान्त बमोजिम हरेक नागरीकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने सुनिश्चितताको प्रबन्ध गर्न संघीय, प्रादेशिक र स्थानीय सरकार र यसका शिक्षा एकाइ र अधिकारीहरू लगायत विभिन्न तहका सरोकारवालाहरूले शिक्षा ऐन र नियमको अनिवार्य पालना गर्नुपर्ने व्यवस्था मिलाउन विभिन्न तहका सरकारले अवलम्वन गर्नुपर्ने सर्त तथा मापदण्डहरू समेत

सुझाव गरिएको छ । निःशुल्क तथा अनिवार्य शिक्षा उपलब्ध गराउने सम्बन्धमा विभिन्न सरकारले अपनाउनुपर्ने जिम्मेवारी र बनाउनुपर्ने साधारण मानक तथा मापदण्डहरू, गुणस्तर सुचकांकका मानकहरू समेत सुझावहरू गरिएको छ । यसले स्थानीय सरकारसँग सम्बन्धित मुद्धाहरू विशेषगरी विद्यालय दर्ता, बन्द गर्ने, गाभ्ने, समायोजन गर्ने, प्रधानाध्यापकको जिम्मेवारी, अभिभावकको जिम्मेवारीका विषयहरूमा समेत सुझाव समेटिएको छ ।

१९) विद्यालय शिक्षक व्यवस्थापनका सम्बन्धमा पेशाकर्मीका रूपमा शिक्षकको दर्ता र अध्यापन अनुमति पत्र, शिक्षकहरूको ज्ञान तथा सीप प्रवर्द्धन र विद्यालयमा कायम गरिने शिक्षक दरवन्दिको आधारहरू समेत सुझाव गरिएको छ ।

२०) त्यस्तै शिक्षक तयारी, पदपुर्ति, वृत्तिविकास, कार्य सम्पादन मुल्यांकनको विषयमा समेत सुझावको रूपमा प्रस्तुत गरिएको छ । यस सम्बन्धमा शिक्षक सेवा आयोग बाट छानिएका उमेदवारको सूचीबाट स्थानीय तहले विद्यालयलाई आवश्यक पर्ने आफूलाई उपयुक्त लागेका उम्मेद्वारलाई नियुक्त गरी आयोगलाई र राष्ट्रिय शैक्षिक अभिलेख केन्द्रलाई जानकारी गराउनु पर्ने सुझाव दिइएको छ ।

२१) सार्वजनिक विद्यालयको सुदृढीकरण गर्न दिर्घकालमा फाइदा पुग्ने विद्यालय जोनिङ्गको अवधारणा विकास गर्ने, निशुल्क तथा अनिवार्य शिक्षा उपलब्ध गराउन आवश्यक पर्ने प्रयाप्त शिक्षक, कर्मचारीको व्यवस्था गर्नुपर्ने र विद्यालय शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका सदस्यको नैतिक आचरण नियमन गर्न कडा एवं स्पष्ट नीति बनाउनु पर्ने, विद्यालय सुरक्षा, पूर्व प्राथमिक तहका विद्यार्थीलाई पौष्टिक आहारको सुनिश्चितता तथा स्थानीय परिवेशलाई समेट्न सक्ने पाठ्यक्रम बनाई पाठ्यक्रमलाई नै शिक्षणको आधार बनाउनु पर्ने सुझाव गरिएको छ । त्यस्तै गैर नाफामूलक संघ संस्था, गुठीबाट सञ्चालित, "स्वायत्त" विद्यालयहरू लाई प्रवर्द्धन गर्नु पर्ने व्यवस्था र नीजि विद्यालयको नियमनलाई प्रभावकारी बनाउनुपर्ने विषयहरू समेटिएका छन् । संघीय सरकारले केही विद्यालयहरू मोडेल स्कुल वा उत्कृष्टताको केन्द्र वा नवीनताको केन्द्रको रूपमा विकास गर्न सकिने सुझाव गरिएको छ ।

२२) वर्तमान अवस्थामा देशको उच्च शिक्षाको गुणस्तरमा ह्रास आएको देखिन्छ । उच्च शिक्षा प्रणाली शैक्षिक प्रमाणपत्र तथा रोजगारीको साधन मात्र नभई ज्ञान, दक्षता र मनोवृतिको अभिवृद्धि गर्ने साथै विश्वव्यापी प्रतिस्पर्धा र नेतृत्वमा तीक्ष्ण भई विभिन्न परिवर्तनशील चुनौतिहरूसँग सामना गर्न सक्ने योग्य र सक्षम स्नातक हुनुपर्दछ । आजको विश्वव्यापारीकरणको युगमा शिक्षा प्रणालीले विश्वको सन्दर्भमा समेत सक्षम हुनुका साथै राष्ट्रिय एवं स्थानीय परिवेशमा सान्दर्भिक हुने शिक्षा प्रदान गर्न सक्नु पर्दछ । त्यसैले शिक्षाको गुणस्तर कायम गर्ने र आफ्नो छनोट अनुसार शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको अधिकारको रक्षा गर्ने प्रणाली अवलम्वन गर्न आवश्यक कानून तथा नीति निर्माण जरूरी हुन्छ । आजको खुला परिवेशमा लोकतन्त्रको मूल्य र मान्यताले अंगिकार गरेको उदार नीतिबाट नै उच्च शिक्षाको गुणस्तर उकास्न सकिन्छ । उच्च शिक्षा

हासिल गर्न इच्छुक एवं प्रवेशका लागि योग्य सबैलाई उच्च शिक्षामा पहुँच हुनु पर्दछ साथै उच्च शिक्षा प्रवेशका निम्ति आवश्यकता पूरा गर्ने प्रावधानको पनि व्यवस्था गरिनु पर्छ ।

२३) शिक्षण प्रणालीलाई नियन्त्रण गर्नु र संकुचन गर्नु कुनै समाधान होइन। प्रादेशिक तहमा होस् या केन्द्रिय तहमा राज्यको लगानी उच्च शिक्षामा कम हुनु हुँदैन । उच्च शिक्षा प्रतिको चाहना बढ्दो भएपनि यसको व्यवस्थित विकास हुन नसकेको देखिन्छ । आगामी दिनमा उच्च शिक्षाको क्षेत्रमा संघीय संरचना अनुरूप दीर्घकालीन सुधारको आवश्यकता छ । उच्च शिक्षा तर्फ परीक्षा तथा मुल्यांकन सम्बन्धमा एउटै शैक्षिक क्यालेन्डर बनाउने, विद्यार्थीले हासिल गरेको क्रेडिट हस्तान्तरण हुने पद्धतिको विकास गर्ने, सबै शिक्षण संस्थामा एउटै अङ्कन वा ग्रेड प्रणाली प्रयोग गर्ने, विश्वविद्यालयहरूको बीचमा प्राज्ञिक संझौता गर्ने पद्धति विकास गर्ने । प्रश्नपत्रको ढाँचा वदली प्रश्न व्यवहार, सिद्धान्त, दर्शन र अनुभवका आधारमा उत्तर लेख्ने खालका बनाउने, प्रयोगात्मक कार्यलाई र स्वयम् सेवालाई अनिवार्य बनाउन सुझाव गरिएको छ ।वर्तमान अवस्थाका शैक्षिक संरचना, शासकीय व्यवस्था र गुणस्तरताको सुधारका लागि दीर्घकालिन एवं तत्काल लागु गर्न देहायको सुझाव प्रस्तुत गरिएको छ :

क) उच्च शिक्षा सम्बन्धी विद्यमान कानूनलाई संसोधन र एकीकरण गरि एउटा छुट्टै नयाँ संघीय उच्च शिक्षा ऐन छिटै लागू गर्नुपर्ने देखिन्छ । यस ऐन अनुरूप उच्च शिक्षा परिषद र उच्च शिक्षा आयोग व्यवस्था गरिनु पर्छ । गुणस्तर, प्रासंगिकता र पहुँचका मुद्दाहरूमा नियमन एवं मूल्याङ्कन गर्ने पूर्ण अधिकार सम्पन्न उच्च शिक्षा आयोगले देशको प्राज्ञिक क्षेत्रलाई स्वस्थ राख्न निरन्तर क्रियाशील रहनु पर्दछ। विश्वविद्यालय लगायत प्रत्येक कलेजहरूको संगठनात्मक स्वरूपको उच्च निकायमा बोर्ड अफ ट्रष्टिज (Board of Trustees) को प्रबन्ध गर्नु पर्दछ। बोर्ड अफ ट्रष्टिजमा रहने व्यक्तित्वहरूको निष्ठा, प्रतिष्ठा, प्राज्ञिक लगनशीलता, अभिभावकत्व एवं नेतृत्वले शैक्षिक शासन व्यवस्था असल भएको प्रत्याभुत गराउन सरकार तथा सम्बन्धित निकाय प्रतिबद्ध हुनै पर्दछ ।

ख) नयाँ संविधानले केन्द्रीय र प्रादेशिक दुवै प्रकारका विश्वविद्यालयहरूको परिकल्पना गर्दछ। दुवै प्रकारका विश्वविद्यालयहरू प्राज्ञिक दृष्टिकोणले उत्कृष्टताको केन्द्र हुनु अनिवार्य छ। सबै विश्वविद्यालयको साझा दायित्व उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने साथै शैक्षिक संरचना, विधी र स्तर एक समान हुनु पर्दछ। उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने जिम्मा विश्वविद्यालयको हो। प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्रादेशिक विश्वविद्यालय हुनुपर्दछ । हालसम्म सबै विश्वविद्यालयहरू संसदद्वारा छुट्टाछुट्टै विश्वविद्यालय ऐन मार्फत स्थापना गरिएका छन् । त्यसैले तत्काल उच्च शिक्षा ऐन पारित गर्नु नितान्त आवश्यक छ। उक्त ऐनले सार्वजनिक, सामुदायिक र निजी विश्वविद्यालयहरूको नियमपूर्वक स्वीकृतिको विधीबाट संचालन हुनुपर्दछ। यो उच्च शिक्षा

ऐनले प्राज्ञिक मूल्यमान्यता र मर्यादा अनुरूप विश्वविद्यालय स्थापना गर्न कडाईका साथ नियमन गर्नु पर्दछ ।

ग) कतिपय क्याम्पसहरू मानित विश्वविद्यालयमा परिणत हुन सक्दछन् । यसको लागि पर्याप्त वित्तीय स्रोत, भौतिक साधन तथा मानव संसाधन भएका कम्तिमा १५ वर्ष सम्म उत्कृष्ट ढङ्गबाट शैक्षिक कार्यसम्पादन गरेको साथै कम्तिमा २००० विद्यार्थी भएको सक्षम शैक्षिक संस्थाले आवेदन दिई प्रक्रिया पुरा गरेर मानित विश्वविद्यालयमा रूपान्तरण हुन सक्दछन् । मानित विश्वविद्यालयले अन्य विश्वविद्यालय जस्तै शैक्षिक उपाधी प्रदान गर्न सक्दछन् तर कुनै पनि संस्थालाई सम्बन्धन प्रदान गर्न पाउने छैनन् । मानित विश्वविद्यालयले निरन्तर रूपमा गुणस्तरीय ढङ्गबाट शैक्षिक कार्य सम्पादन गरेको ८ वर्ष बितेपछि पूर्ण विश्वविद्यालयमा रूपान्तरण गर्न सकिने नीति लिनु उपयुक्त हुन्छ। तर त्यहाँ वार्षिक समीक्षा तथा गुणस्तर मापनका विधी अवलम्बन गर्नु पर्दछ ।

घ) वर्तमान अवस्थामा विशेष गरी सार्वजनिक विश्वविद्यालयहरूमा शासकीय व्यवस्था खस्कँदै गएको महसुस गरिएको छ । अधिकांश उच्च पदमा प्रमुख राजनैतिक पार्टी बीचको भागबण्डाको आधारमा नियुक्ति हुने अभ्यासले विश्वविद्यालयहरूको शासकीय व्यवस्था दयनीय स्थितिमा पुगेको छ । नियुक्तिको गलत प्रक्रिया र अवाञ्छित हस्तक्षेपको प्रवृत्तिलाई रोक्न आवश्यक छ । यसका लागि प्रत्येक विश्वविद्यालयमा बोर्ड अफ ट्रस्टिज हुने प्रबन्ध उपयुक्त हुन्छ। यही बोर्ड अफ ट्रष्टिजले योग्य व्यक्ति बीच प्रतिस्पर्धा गराएर मात्र कुलपति, सहकुलपति, उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार र डिनहरूको छनोट गर्नु उपयुक्त देखिन्छ । यो व्यवस्था केन्द्रीय तथा प्रादेशिक दुवै प्रकारका विश्वविद्यालयमा लागू गर्नु पर्दछ ।

ङ) विश्वविद्यालयहरूको सिनेटमा फरक-फरक विधाका दक्ष तथा अनुभवी शैक्षिक व्यक्तित्वहरूको बहुमत हुनुपर्छ । वर्तमान परिवेशमा सबै विश्वविद्यालयको पदपुर्तिको लागि समान मापदण्ड र प्रक्रियाहरू सुनिश्चित गरि उच्च शिक्षाको गुणस्तर कायम राख्ने गरी आयोग बन्न सान्दर्भिक देखिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि असल शिक्षकको पदपूर्ति उचित प्रक्रियाबाट गरिनुका साथै शिक्षकहरूलाई पेशामा टिकाई राख्न र उनीहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्न निरन्तर शिक्षक तालिमको भूमिका महत्वपूर्ण हुन्छ । अस्थायी तथा करार सेवामा राजनीतिक सम्बद्धता र तदर्थ (ad-hoc) प्रक्रियाबाट शिक्षकको पदपूर्ति गर्ने कार्य तत्काल बन्द गर्नुपर्छ । सबै किसिमका पदपूर्तिहरू विश्वविद्यालय सेवा आयोगको जिम्मेवारी हुनु पर्दछ । शिक्षण तथा सिकाइको गुणस्तर सुधार गर्न शिक्षकहरू सबैभन्दा महत्वपूर्ण कारक हुन । त्यसैले शिक्षकहरूलाई राम्रोसँग प्रशिक्षित गर्नुपर्छ र तिनिहरूलाई आवधिक रूपमा ज्ञान अभिवृद्धि गर्नुका

साथसाथै आधुनिक प्रविधिको प्रयोगमा संवेदनशील बनाउनुपर्छ । प्राध्यापनमा रहेका शिक्षकले अनुसन्धान गर्नुपर्छ ।

च) ज्ञानमा आधारित वर्तमान पाठ्यक्रमलाई प्रविधिमा आई रहेको परिवर्तन र रोजगारीको दायरा सँगसँगै लैजानु पर्छ। ज्ञान मात्र नभई सीप र सहि मनोवृत्ति आवश्यक छ। स्नातक उत्तीर्णहरू देश भित्र र बाहिर दुवै ठाउँमा काम गर्न सक्ने हुनु पर्दछ। विभिन्न विश्वविद्यालयको पाठ्यक्रमहरूलाई स्तरीकरण तथा मिलान गर्नु आवश्यक छ । शैक्षिक क्यालेन्डर पनि स्तरीकरण गर्दै स्तरीय शैक्षिक क्यालेन्डर बनाउनुपर्छ । सबै विश्वविद्यालयको प्रत्येक शैक्षिक कार्यक्रमको लागि एकल प्रवेश परीक्षा हुनुपर्छ । साथै चिकित्सा र इन्जिनियरिङ्ग उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीले पनि ती प्रवेश परीक्षाहरू उत्तीर्ण गर्नुपर्छ । अहिलेको परीक्षा प्रणालीमा परीक्षाका प्रश्नहरू परीक्षार्थीको ज्ञान, सीप, क्षमता र सिर्जनसीलता बढाउने ढङ्गले तत्काल लागु गर्नु पर्दछ ।

छ) उच्च शिक्षाको निगरानी र मूल्यांकन चुस्त एवं बलियो बनाउन आवश्यक छ ।यसले गुणस्तर, सान्दर्भिकता, पहुँच, शैक्षिक प्रदर्शनका (Performance) साथसाथै दर्ता र स्वामित्व लगायत सम्पूर्ण शैक्षिक वातावरणको मूल्याङ्कन गर्नु पर्दछ। वर्तमान समयमा विभिन्न डिग्रीहरूलाई समान बनाउने जिम्मेवारी विश्वविद्यालय अनुदान आयोगले तत्काल पूरा गर्नुपर्दछ । पछि यो उच्च शिक्षा आयोगको जिम्मेवारी हुनुपर्दछ ।

ज) समकक्षताको मुद्दालाई सम्बोधन गर्न विश्वविद्यालय अनुदान आयोगको भित्र एउटा बलियो र स्वतन्त्र इकाईको आवश्यकता छ । यसैगरी एउटा स्वतन्त्र र बलियो गुणस्तर कायम गर्ने र मान्यता प्रदान गर्ने Quality Assurance and Accreditation इकाईको आवश्यकता छ । विश्वविद्यालय अनुदान आयोगमा रहेने यी इकाईहरू पछि उच्च शिक्षा आयोग भित्र हुनु पर्दछ ।विदेशी सम्बन्धन र विभिन्न प्रकारका कार्यक्रमहरूको व्यवस्थापन तथा राष्ट्रिय र अन्तराष्ट्रिय कार्यक्रम बीचमा क्रेडिट ट्रान्सफरको व्यवस्थापन गर्न निर्देशिका बनाइनुपर्छ । विश्वव्यापी स्तर निर्धारणबाट सकेसम्म १००० रैंक भित्र पर्ने राम्रो विश्वविद्यालयहरूलाई मात्र नेपालमा कार्यक्रम सञ्चालन गर्ने अनुमति दिइनुपर्छ। विदेशमा अध्ययन गर्नका लागि विदेश स्थित विश्वविद्यालयहरूको पहिचान र प्रतिष्ठा सुनिश्चित गर्न तत्काल प्रभावकारी निर्देशिका बनाइनु पर्दछ। विद्यार्थीहरूले जुन विश्वविद्यालयहरूको लागि एनओएल लिन्छन् ती विश्वविद्यालयहरू सकेसम्म ग्लोबल रैंकिङमा २००० रैंक भित्र पर्नुपर्दछ । प्राविधिक कार्यक्रम प्रदान गर्न इच्छुक कलेजले सम्बन्धित विश्वविद्यालयबाट स्वीकृति लिने व्यवस्था गर्नुपर्दछ । स्वदेश तथा विदेशबाट नेपाल सरकारलाई प्राप्त हुने सबै छात्रवृत्ति योजनाहरूको विस्तृत समीक्षा गरे पश्चात यी छात्रवृत्तिहरूलाई एउटै टोकरी (Basket) मा राखि शिक्षा मन्त्रालयबाटै योग्यता (Merit) र उपयुक्त मापदण्डको आधारमा प्रदान गरिनु पर्दछ । विदेश जाने विद्यार्थीहरूको भविष्य

सुनिश्चित गर्नको लागि तत्कालै शैक्षिक परामर्श केन्द्रहरूलाई प्रभावकारी तरिकाले निरीक्षण र नियन्त्रण गर्नुपर्छ । यी संस्थाद्वारा हुने विद्यार्थीको शोषण रोक्नु र गुणस्तरीय परामर्श सेवा सुनिश्चित गर्न आवश्यक छ । यो मुद्दामा तत्काल ध्यान केन्द्रित गरिनुपर्छ ।

झ) विगत २५-३० वर्ष देखि चिकित्सा विज्ञान शिक्षा (चि.वि.शि) को इतिहास बोकेको यस विधाले आजसम्म परिपक्वता (Maturity) उपलब्ध गर्न नसकेको अवस्था नकार्न सकिन्न । यतिका विभिन्न स्तरका चि.वि.शि. प्रदान गर्ने संस्थाहरूको संचालन भइरहेको भएता मनि तिनिहरूको संचालनमा समानता, सामंजस्यता राष्ट्रिय उपलब्धि मूलक नरहेको र समय समयमा नकारात्मक प्रत्याभूती हुने अवस्था पाइन्छ । समर्पित, योग्य अनुभवि शिक्षकहरूको कमि, पाठ्यक्रमको एकरूपता तथा स्तरीय नहुनु, शैक्षिक कार्यक्रम (Academic Calendar)को कमी कमजोरी, प्रवेश परीक्षाको विश्वसनियता (Credibility) र इमान्दारिता, विश्वविद्यालयका अन्तिम परीक्षाहरू (Exit Examination) र तथा अनुसन्धान (Research) कार्यहरूको स्तरीयता तथा सुधारात्मक कमी कमजोरी रहेको साथै शुल्क संरचनामा समविचार नभएको अवस्था रहेको छ ।

ञ) देश विदेशमा चिकित्सकहरूको आवश्यकता स्थापित प्रादेशिक तथा केन्द्रिय सरकारका सम्बन्धित इकाइहरूको तथा उच्च शिक्षा आयोगको सिफारिसमा अनिवार्य सर्तहरू (Conditions) को आधारमा सरकारले वा अन्य श्रोतबाट खोल्न अनुमति प्रदान गर्ने तर कुनै व्यक्तिगत राजनैतिक हस्तक्षेप हुनु हुँदैन । संचालित तथा नयाँ खोलिने मेडिकल कलेजहरूको अनुगमन, मुल्यांकन, स्तरीयता, उपलब्धी मूलक सफलता इत्यादिको निरिक्षण सम्बन्धित विश्वविद्यालय तथा 'उच्च शिक्षा आयोग' बाट मात्र हुनु पर्दछ । साथै अन्य कार्यहरू विदेशमा चि.वि.शि. मा पढ्न जान No objection letter, देश विदेशका चि.वि.शि. संस्थाहरू समकक्षता सम्बन्धन मान्यता चिकित्सकहरू वर्गिकरण आदि अधिकार सम्पन्न उच्चस्तरीय "उच्च शिक्षा आयोगको" अन्तर्गत रहने गरी "उच्च चिकित्सा विज्ञान शिक्षा आयोग' को कार्यालयबाट हुनु पर्ने ।

ट) नेपाल चिकित्सक परिषदले देश विदेशबाट विभिन्न स्तरमा उपाधि प्राप्त गरी आएकाको अनुमति परीक्षा गर्न तथा सर्वसाधारणले स्तरीय स्वास्थ्य सेवाको सुनिश्चताको अनुगमन गर्ने गर्नु पर्दछ। चिकित्सा विज्ञान शिक्षाको स्तरीय विकास, विश्वसनियता कायम गर्न राष्ट्रिय उपलब्धिलाई विवाद रहित हुने बनाउन, संचालन तथा स्तरीय चिकित्सकीय जनशक्ति तथा स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न एक छाता संगठनका रूपमा अधिकार सम्पन्न उच्चस्तरीय "उच्च शिक्षा आयोग" को स्थापना गर्ने बिषय सान्दर्भिक देखिएकोले यसका लागि पहल हुनु पर्दछ ।

२४) नेपाली युवाहरूको ठूलो जमात औपचारिक विद्यालय प्रणालीमा सामेल छैनन् साथै विपन्न परिवारका युवाहरूले परिवार पाल्नका निम्ति रोजगारीको खोजीमा पढाइ छोड्न बाध्य छन्। रोजगारीको अवसर सुनिश्चित गर्नका निम्ति यो समूहलाई सीप प्रशिक्षणको आवश्यकता छ । प्राविधिक क्षमतालाई सम्बोधन गर्ने वैकल्पिक प्रणालीको चाहना राख्ने विद्यार्थीको माग पूरा गर्न आवश्यक छ । साधारण संकायहरू यी प्राविधिक आवश्यकताहरू पूरा गर्न असमर्थ छन् । जबसम्म विद्यार्थीहरूले प्राविधिक शिक्षाको उच्च तहसम्म अध्ययन गर्ने मौका पाऊँदैनन् तबसम्म विद्यार्थीहरूका लागि प्राविधिक व्यावसायिक शिक्षा र तालिम (TVET )का कोर्सहरू आकर्षक बन्न सक्दैनन्। विद्यार्थीहरूले पाएसम्म उच्च तह सम्मको अध्ययन गर्न नमिल्ने अधूरो कोर्सहरू रोज्दैनन्। यसै कारण TVET का विद्यार्थीहरूको लागि उच्च तह सम्म अध्ययन गर्न मिल्ने वैकल्पिक व्यवस्था गर्न जरूरी देखिन्छ । TVET सम्बन्धि कार्य योजनाका लागि निम्न अनुसार हुनु पर्ने सुझाव प्रस्तुत गरिएको छ :

क) देशको वर्तमान र दीर्घकालीन आर्थिक वृद्धि र सामाजिक तथा आर्थिक विकासका लागि सीप युक्त र क्षमतावान जनशक्तिको पूर्ति गर्न साधारण र प्राविधिक शिक्षा जस्तै TVET पनि आवश्यक छ । देशमा TVET को लागि तीनवटा आधारभूत नीतिहरू हुनुपर्दछः पहिलो TVET प्रणालीको गुणस्तर र सान्दर्भिकता सुधार गर्ने, दोश्रो TVET शिक्षा वितरणमा रोजगारदाताहरू/उद्योगहरूको संलग्नता बढाउने, र तेश्रो TVET प्रणालीको प्रशासन र व्यवस्थापनलाई बलियो बनाउने ।TVET पाठ्यक्रमहरू योग्यताको मापदण्डमा आधारित योग्य मोड्युल (Competency-Based Modules) हुनुपर्दछ । अनुमोदित समग्र क्षमता/शिपहरू समावेश गरेर राष्ट्रिय क्षमता/शिपको मानक (National Skills Standards) बन्न जान्छ ।TVET कोर्सहरू, अहिले निर्माण भइरहेको प्रस्तावित राष्ट्रिय योग्यता ढाँचा (National Qualification Framework) (NQF) अनुरूप हुनुपर्दछ । अनौपचारिक कोर्सहरू छोटो अवधि अर्थात एक हप्ता देखि ६ महिना सम्मको हुनुपर्दछ । दक्षताको सम्बन्ध तालिम अवधि संग हुँदैन तर सामान्य बुझाईका लागि प्रस्तावित NQF को हरेक तहको सम्बन्ध तालिमको निर्धारित अवधि संग स्थापित गर्न सकिन्छ।

ख) TVET प्रशिक्षणको मूल्याङ्कन क्षमतामा आधारित मूल्याङ्कन प्रणाली (Competency-based Assessment) हुनुपर्छ । सीप परीक्षण केन्द्रहरू (Skill Testing Centers) चाडैं नै स्थापना गर्नु पर्दछ जसले सबै रोजगारीका पदहरूलाई मापन गर्न सकोस् । यो केन्द्रहरूमा उत्कृष्ट पूर्वाधारको अलावा उत्कृष्ट कार्यशालाको आवश्यकता पर्दछ । यस्ता परीक्षण केन्द्रहरू पूर्णरूपमा निष्पक्ष र स्वायत्त रहनुपर्छ । TVET संकायको सम्पूर्ण जिम्मेवारी राष्ट्रिय ईकाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) को हुनेछ । यो परिषदले स्वायत्त र निष्पक्ष रूपमा कार्य सञ्चालन गर्नुपर्छ । CTVET को

अनुगमन र मूल्यांकन (Monitoring and Evaluation) (M & E) एकाइको सुदृढीकरण गरिनु पर्दछ । शिक्षण पूर्व र शिक्षणको क्रममा प्रशिक्षकहरूलाई आवश्यक तालिम दिनका लागि विद्यमान शिक्षक तालिम संयन्त्रलाई सुदृढ र श्रोत सम्पन्न बनाउनु पर्छ ।

ग) राष्ट्रिय तालिम कोष (National Training Fund) स्थापना गर्नु पर्छ। सरकारी र नीजि दुबै क्षेत्रले रोजगारीका अवसरको दायरालाई फराकिलो पार्न विपन्न र सिमान्तकृत वर्गहरूलाई लक्षित गरी भौचरमा आधारित (Voucher-Based) सीपमूलक तालिम प्रदान गर्नुपर्छ । हाल शिक्षा मन्त्रालयबाट प्रस्तावित TVET Fund को स्थापना गरी सीप तालिमलाई व्यवस्थित गर्न उपयुक्त हुन्छ ।

घ) TVET को एकिकृत र विस्तारित विकासका लागि देशमा उच्चस्तरीय राष्ट्रिय तालिम बोर्डको National Training Board (NTB) को स्थापना गर्नु जरूरी छ ।साथै प्रत्येक प्रदेशमा कम्तिमा एउटा उत्कृष्ट TVET संस्थाको स्थापना गरिनु पर्दछ। समय अनुरूप सो मातहतका व्यवसायिक विद्यालयहरू सतहत्तरवटै जिल्लाहरूमा सञ्चालन गरिनुपर्छ ।